

**के तपाईंको घर पा(नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

**कलर भिजिटिङ कार्ड**

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन १५ गते सोमबार ❑ 31 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## भ्रष्टाचारका अन्य फाइल खुल्छन्, यो राजनीतिक स्टन्ट होइन : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १४ साउन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार, बेथिती र तस्करीविरुद्ध सरकारले चालेको अभियान आवेग र राजनीतिक स्टन्ट नभएको बताउनुभएको छ।

समाजवादी मोर्चामा आबद्ध घटकका विद्यार्थी सङ्गठनको मोर्चा घोषणासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "राज्यको सम्पत्ति व्यक्तिले दोहन गर्नेविरुद्ध अभियान थालिएको छ। तस्करीविरुद्ध जेहाद छेडिएको छ । यो कदम रोकिनेवाला छैन। अझै अगाडि बढ्छ। यो लडाइँ जित्नैपर्छ। यो आवेग र राजनीतिक स्टन्टको कुरा पनि होइन। नेपाली जनताको हितका लागि गरिएको हो।"

भ्रष्टाचारका अरु धेरै फाइल खुल्ने प्रधानमन्त्री दाहालले बताउनुभयो। एक्लै प्रधानमन्त्री र सरकारले जित्ने लडाईं नभएकाले त्यसमा जनताको साथ र समर्थन जरुरी रहेको उहाँले स्पष्ट पार्नुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसमा समाजवादी मोर्चाको समर्थन चाहिएको छ। हेर्दै जानुहोला अरु फाइल खुल्दै जानेछन्। त्यतिबेला तपाईंहरुको समर्थन चाहिन्छ । एक्लै प्रधानमन्त्री र सरकारले जित्ने लडाइँ होइन, जनस्तरको समर्थन पाएर हामी यो ब्याटल जित्ने छौँ।" अहिलेका अभियान बेपत्ता, घाइते र अपाङ्गको सपना साकार गर्ने लडाईंका रुपमा उहाँले चित्रण गर्नुभयो।

यसैगरी प्रधानमन्त्री दाहालले सङ्घीय शिक्षा विधेयक आगामी मङ्गलबाार सदनमा पेस गरिने जानकारी दिनुभयो। मन्त्रिपरिषद्को बैठकले सो विधेयक पारित गरेर सदनमा पेस गर्ने र शिक्षा क्षेत्रमा सुधारका लागि नयाँ मार्ग तय गरिने उहाँले उल्लेख गर्नुभयो। सो विधेयकले शिक्षा क्षेत्रमा देखिएका धेरै समस्याको समाधान गर्ने प्रधानमन्त्री दाहालको विश्वास छ। यस्तै, त्रिभुवन विश्वविद्यालय शिक्षा आयोगका अध्यक्षलगायत अन्य विश्वविद्यालयमा खाली रहेका पदाधिकारीको पनि छिट्टै पदपूर्ति गरिने प्रधानमन्त्री दाहालले बताउनुभयो। यसैगरी प्रधानमन्त्री दाहालले उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन खोजी भइरहेको बताउनुभयो। तत्कालीन नेकपा नेतृत्वको सरकारको समयमा तयार भएको सो प्रतिवेदन सार्वजनिक भएको छैन। तत्कालीन पार्टीको बहुमत सदस्य सार्वजनिक गरी कार्यान्वयन गर्न तयार भए पनि तत्कालीन प्रधानमन्त्री तयार नभएको उहाँले बताउनुभयो।

प्रधानमन्त्री दाहालले सो प्रतिवेदनको खोजी भइरहेको उल्लेख गर्नुभयो। आफू प्रधानमन्त्री भएपछि लगातार त्यसको खोजी गरिरहेको भए पनि नभेटिएको उहाँको भनाइ छ। आफूले तत्कालीन शिक्षामन्त्री गिरिराजमणि पोखरेलसँग पनि सो प्रतिवेदनबारे चासो राखेको बताउनुभयो। उहाँले (पोखरेल)ले एकप्रति पनि नराखी बुझाएको जानकारी दिनुभएको प्रधानमन्त्री दाहालको भनाइ छ।

शान्तिपूर्ण र सशस्त्र सङ्घर्षबाट ठूलो राजनीतिक परिवर्तन गरेको र शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य अधिकार जस्ता विषयलाई मौलिकरुपमा स्थापित गर्नुपर्छ भनेर संविधानमा लिपिबद्ध गरिएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले संविधान प्रदत्त समाजवादलाई व्यावहारि करुपमा कार्यान्वयनको सुरुआत गरिने बताउनुभयो।

शिक्षा क्षेत्रमा समाजवादको भ्रुण स्थापना गर्ने तयारीका साथ सरकारले केही महत्वपूर्ण काम अगाडि बढाउन लागेकोसमेत उहाँले जानकारी दिनुभयो । समाजवादी मोर्चा बनेपछि पनि अनेकन खालका भ्रम सिर्जना गर्ने र नेताहरुकाबीचमा फाटो पार्ने अनेकन कोशिस भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले ती सबै षड्यन्त्रलाई पराजित गरेर अगाडि बढ्न नेतृत्व पङ्क्ति तयार रहेको बताउनुभयो।

## किसानको उत्पादनलाई बजारीकरण गर्दै पोखरा महानगर : कृषि एम्बुलेन्स सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

पोखरा-१६ अर्मला निवासी वर्षा गुरुङले आफ्नो बारीमा गोलभैँडा र तरकारी खेती उत्पादन गर्नुहुन्छ, तर उत्पादित तरकारी किन्नकै लागि भनेर अर्मलासम्म व्यापारी पुग्दैनन्।

उत्पादित तरकारी बिक्री गर्न उहाँलाई १० किलोमिटर टाढा पोखरा-९ स्थित शान्तिवनको तरकारी तथा फलफूल बजारमा पुग्नुपर्थ्यो भने उत्पादित तरकारीले उचित मूल्यसमेत पाउन मुस्किल थियो, । तर अहिले आफ्नै वडाको ठूलीपोखरीमा किसान बजारस्थल खुलेपछि उत्पादित तरकारी बिक्री गर्न गुरुङलाई शान्तिवन धाउनुपर्ने अवस्था हटेको छ। पोखरा-१९ पुरनचौरका किसान तुल्सी बाँस्तोलाको पीडा पनि गुरुङकै जस्तै छ । आफ्नो बारीमा उत्पादन गरेको घिरौला, काक्रा, लौका, सिमी, बोडी र गोलभैँडा बिक्रीका लागि उहाँ पनि २० किलोमिटरको दूरी पार गर्दै पोखरा-९ को शान्तिवनस्थित तरकारी बजारमा पुग्नुपर्ने अवस्था थियो तर शनिबारदेखि यस क्षेत्रका किसानले उत्पादन गरेको कृषि उपज आफ्नै वडामा किन्ने व्यवस्थापोखरा महानगरपालिकाले गरिदिएको छ । पोखरा महानगरपालिका वडा नं १९ र १६ को सङ्गमस्थल ठूलीपोखरीमा किसान बजार सञ्चालनमा आएपछि किसानले उत्पादन गरेको कृषिजन्य वस्तुले बजार पाएको छ । पोखरा महानगरपालिकाले एक महिनायता कृषि एम्बुलेन्स सञ्चालन गरी वडाको दुर्गम क्षेत्रमा उत्पादित तरकारी बजार क्षेत्रमा ल्याएर बिक्री गर्ने व्यवस्था मिलाइदिएपछि किसानको अनुहारमा खुसी छाएको छ। पोखरा महानगरपालिका वडा नं १९ र १६ को सङ्गमस्थल ठूलीपोखरीमा सञ्चालनमा ल्याइएको किसान बजारस्थलमा शनिबार तरकारी किन्न स्थानीयको भीड नै लागेको थियो। तरकारी किन्दै गर्नुभएका पोखरा-१६ निवासी वेनीबहादुर वस्नेतले भन्नुभयो, "किसान बजारसँगै हामी स्थानीय उपभोक्ताले ताजा र सस्तो मूल्यमा तरकारी उपभोग गर्न पाएका छौँ। बिचौलिया हाबी नहुँदा किसानले समेत उचित मूल्य पाएका छन् ।" स्थानीय उपपभोक्ताले बजारले नियमितता पाउनुपर्ने माग राखेका छन्। भारतबाट ल्याइएको बासी र विषादीयुक्त तरकारी उपभोग गर्नुपर्ने बाध्यता अब हामीलाई हटेको छ, स्थानीय दुर्गादेवी अधिकारीले भन्नुभयो।

वडास्तरीय उक्त किसान बजारस्थलको संयोजक जीतबहादुर बस्नेत रहनुभएको छ। उहाँले बजारलाई नियमितता दिने प्रयास आफ्नो रहने र फलफूलका साथै पछिल्ला दिनमा दूध र मासुको समेत व्यवस्था गरिने बताउनुभयो। महानगरपालिकाको कृषि एम्बुलेन्सले ल्याएको तरकारी बजारस्थलमा १०-२० प्रतिशत नाफा लिएर उपभोक्तलाई बिक्री गरिएको जानकारी संयोजक बस्नेतले दिनुभयो। कृषि एम्बुलेन्सले ल्याउन नसकेका दिन पनि बजारकै तर्फबाट ढुवानी गरेर तरकारी बजारस्थलमा ल्याइने प्रतिबद्धता संयोजक बस्नेतको छ।

ठूलीपोखरीमा शनिबारदेखि सञ्चालनमा आएको किसान बजारस्थलको उद्घाटन पोखरा महानगरपालिका-१९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, वडा नं १६ का अध्यक्ष अमृत तिमिल्सेना र पोखरा महानगरपालिका कृषि तथा पशु सेवा महाशाखाका प्रमुख मनोहर कडरियाले सयुक्तरूपमा गर्नुभएको थियो। सो अवसरमा बोल्दै वडा नं १९ का वडाध्यक्ष पाण्डेले किसानले उत्पादन गरेको तरकारीको बजारीकरण गरी उनीहरूलाई कृषिप्रति आकर्षित गर्नुपर्नेमा जोड दिनुभयो। युवाको विदेशमोहलाई घटाउनका लागि पनि सरकारी तहबाट कृषि क्षेत्रलाई अनुदान दिएर भए पनि कृषिप्रति युवाको आकर्षण बढाउन जरुरी रहेको भनाइ पाण्डेको छ।

पोखरा-१६ का वडाध्यक्ष तिमिल्सेनाले किसान बजारलाई निरन्तरता दिने कार्यमा आफ्नो प्रयास रहने बताउँदै नजिकै बजार स्थापना भएपछि स्थानीय किसानले समेत आफ्नो उत्पादनलाई वृद्धि गर्ने विश्वास उहाँले दिलाउनुभयो। किसानलाई प्रोत्साहन र कृषि क्षेत्रको प्रवर्द्धन गर्न वडास्तरबाट समेत बीउबिजन र सहजरूपमा रासायनिक मल उपलब्ध गराउने व्यवस्था मिलाउन आफ्नो प्रयास रहने प्रतिबद्धता तिमिल्सेनाले गर्नुभयो।

पोखरा महानगरपालिका कृषि तथा पशु सेवा महाशाखा प्रमुख कडरियाले पोखरा महानगरपालिकाले पोखराका विभिन्न १५ स्थानमा सङ्कलन केन्द्र र पाँच स्थानमा किसान बजारस्थल सञ्चालनमा ल्याएको जानकारी दिनुभयो। कृषि क्षेत्रको प्रवर्द्धन गर्न र पोखरेली उपभोक्तालाई ताजा र कम विषदीयुक्त तरकारी खुवाउन आफ्नो प्रयास रहेको बताउनुभयो। कृषि एम्बुलेन्सले पोखराका विभिन्न वडामा पुगेर किसानले उत्पादन गरेको तरकारी विभिन्न बजारस्थलसम्म ल्याउने गरेको जानकारी कडरियाले दिनुभयो।

## पोखरामा दुई हजार एक सय ५० मेट्रिक टन कृषि मल वितरणको लक्ष्य

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा महानगर क्षेत्रका किसानलाई नेपाल सरकारले अनुदानमा उपलब्ध गराउने मल दुई हजार एक सय ५० मेट्रिक टन वितरण गर्ने लक्ष्य राखेको छ।

महानगरपालिकाभित्र मलको बिक्री वितरणका लागि ७० केन्द्र सूचीकृत गरिएको र अघिल्लो वर्षको खपत अवस्था हेरेर यस आवका लागि लक्ष्य निर्धारण गरिएको महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।

गत आर्थिक वर्षमा पोखरामा युरिया, डिएपी र पोटास गरेर एक हजार नौ सय ७७ दशमलव ६५ टन मल खपत भएको थियो। त्यसमध्ये युरिया एक हजार दुई सय २१ दशमलव ७५ टन खपत भएको थियो। त्यस्तै डिएपी छ सय ६३ दशमलव ८५ टन, पोटास ३९ दशमलव ९५ टन र कृषि चुन दुई दशमलव एक टन खपत भएको थियो । मलको डिपोदेखि बिक्री केन्द्रसम्मको दूरीका आधारमा २५ किमिसम्म युरिया प्रतिकिलो रु १९ दशमलव ४५ देखि २१ रुपैयाँ पाँच पैसासम्म निर्धारण गरिएको छ।

त्यस्तै डिएपीको रु ४८ दशमलव ४५ देखि ५० रुपैयाँ पाँच पैसा र पोटासको मूल्य ३६ रुपैयाँ ४५ पैसादेखि ३८ रुपैयाँ पाँच पैसासम्म तोकिएको कडरियाले जानकारी दिनुभयो । मल बिक्रेताले प्लास्टिक झोलाको मूल्य प्रतिकिलो थप रु दुईसम्म लिनसक्ने व्यवस्था गरिएको छ।

## पोउवा संघको महिला लक्षित सीप र बैंकिङ साक्षरता अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

माछापुच्छ्रे बैंक लिमिटेडकी एकीकृत जोखिम शाखा उपप्रमुख ऋचा पाण्डेले उद्यम गर्नको लागि बैंक तथा वित्तीय संस्थाबाट कर्जा महिलाहरुलाई आह्वान गरेकी छन्।

उनले लिएको कर्जाको सही सदुपयोग गर्न, विभिन्न सहुलियतको उपयोग गर्न एवं किस्ता र सावाँ भुक्तानी मितिप्रति सचेत रहन पनि आग्रह गरिन्।

'केही गरौँ भन्ने भावना छ भने ऋण लिन हिच्किचाउनु हुँदैन बरु लिएको ऋणको किस्ता र ब्याज तिर्न निश्चित रकम छुट्टयाउँदै जानुपर्छ,' उनले भनिन्,सरकारले महिलालाई सहुलियतपूर्ण कर्जाको ब्याजमा अनुदान पनि दिएको छ, त्यसको पनि उपयोग गर्नुपर्छ ।' बैंकर पाण्डे पोखरा उद्योग वाणिज्य संघअन्तर्गतको महिला उद्यमी उपसमितिको आयोजना तथा माछापुच्छ्रे बैंकको सहयोगमा आइतबार आयोजना गरेको महिलालाई सीप र बैंकिङ साक्षरता विषयक अभिमुखीकरण कार्यक्रममा




बोल्दै थिइन्।


माछापुच्छ्रे बैंककै अनुगमन इकाइ उपप्रमुख प्रतिभा पाण्डेले सीप भएर पनि महिलाहरु उद्यमशीलतामा जोडिन नसकेको तथा व्यवसाय बिस्तारमा पनि पछि परेको धारणा राखिन् । उनले जुन प्रयोजनको लागि लिइएको कर्जा हो, त्यही प्रयोजनमा लगाउन आग्रह गरिन्।

वित्तीय साक्षरताको अभावमा धेरै महिलाहरु सूचना प्रविधिको उपयोगबाट पर रहेको बताउँदै उनले वित्तीय साक्षरता नहुँदा ठगिने जोखिम पनि उत्तिकै रहेको औंल्याइन। आफ्ना गोप्य सूचनाहरु कसैलाई नदिन उनको आग्रह थियो। वित्तीय साक्षरता भनेको सामान्य भाषामा पैसाको बचत र परिचालन दुबै भएको उनको भनाइ थियो । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले वित्तीय साक्षरता पुरुष र महिला दुबैलाई आवश्यक भएको बताए।

वित्तीय साक्षरताबाट महिला अझ आत्मविश्वासी बन्ने उनको भनाइ थियो। माछापुच्छ्रे बैंककी आन्तरिक सेवा- सम्बन्ध प्रबन्धक बबिता भट्टले व्यवसाय गरेपछि विभिन्न प्रकारका कर र शुल्कहरु तिर्नुपर्नेबारे सचेत रहन महिलाहरुसँग आग्रह गरिन् । पोखरा उद्योग वाणिज्य संघकी महिला उद्यमी उपसमिति संयोजक तथा माछापुच्छ्रे बैंककी संचालक बन्दना कार्की केसीले महिला आत्मनिर्भर हुनु भनेको समाज र राष्ट्र समुन्नत बन्नु भएको बताइन् । उनले पोखरा उद्योग वाणिज्य संघले वित्तीय साक्षरता र महिला उद्यमशीलता विकासमा थप कार्यक्रम आयोजना गर्ने घोषणा पनि गरिन्।

पोखराउद्योगवीणज्यसंघका महासचिव बलराम आचार्यको संचालन रहेको कार्यक्रममा महिला उद्यमी रामकली खड्का,सीता गुरुङ,मुना बास्तोला,उषातिमिल्सिनालगायतले सहुलियतपूर्ण कर्जा,कर्जा प्राप्तिका लागि आवश्यक पर्ने कागजातलगायतका विषयमा जिज्ञासा राखेका थिए। नेपाल राष्ट्र बैंकले गरेको सर्वेक्षण अनुसार ५७.५९ नेपाली वित्तीय रुपले साक्षर छन्।

वित्तीय ज्ञान, व्यवहार र मनोवृत्तिलाई आधार मानेर गरिएको सर्वेक्षण अनुसार पुरुषमा भन्दा महिलामा वित्तीय साक्षरता कम भएको र अनौपचारिक क्षेत्रको भन्दा औपचारिक क्षेत्रमा काम गर्नेहरु बढी साक्षर भएको निष्कर्ष छ।

**सुक्तिसुधा**

केवल कर्महीन नै यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# सुन तस्करी रोक्न उच्चस्तरीय छानबिन समिति बनाऊ

एक क्विन्टल सुन तस्करी प्रकरणबारे अनुसन्धान गर्न उच्चस्तरीय संसदीय छानबिन समिति गठन गर्नु सांसदहरू सहमतिमा पुगेका छन । प्रतिनिधिसभा बैठकमा गृहमन्त्रीको राजिनामा र छानबिन समितिको माग गरेको एमालेलाई संसदीय समितिमा माओवादी बाहेक सत्ता पक्षका सांसदले पनि साथ दिएका छन् । आइतबार सार्वजनिक लेखा समितिको बैठकमा एमालेले उच्चस्तरीय संसदीय छानबिन समितिको एजेन्डालाई संस्थागत गराएको छ। गृहमन्त्री र अर्थमन्त्रीसंग प्रहरी र अर्थमन्त्रालयका कर्मचारीले छानबिन गर्न सहज नहुने भन्दै एमालेले उच्चस्तरीय समिति गठन गर्नुपर्ने माग राखेको छ। सार्वजनिक लेखा समितिको बैठकले समिति गठनका लागि सत्तापक्ष पनि सहमत देखिएको छ । संसदीय समितिमा सितिमिति दलको ह्वीप नलाग्ने हुँदा सांसदहरू एक ठाउँमा उभिने गर्दछन । संसदलाई प्रभावकारी बनाउने नै संसदीय समितिको क्रियाशीलताले हो ।गठबन्धन सरकारले संसदीय समितिलाई गतिशील बनाउन चाहेको छैन ।

सांसदहरू आफ्नो भुमिका खोज्न सभामुख र शिर्ष नेताहरूको ध्यानाकर्षण गराएका छन । सार्वजनिक लेखा समितिको बैठकमा सत्ता र प्रतिपक्षका सांसदहरू एक ठाउँमा उभिएपछि बैठकले स्वतन्त्र र निष्पक्ष छानबिन गर्न अधिकार सम्पन्न उच्चस्तरीय छानबिन समिति गठन गर्न सरकारको ध्यानाकर्षण गराएको छ । यद्यपि निर्देशन भने दिएको छैन । संसदीय समितिले गराएको ध्यानाकर्षण पनि निर्देशन जत्तिकै हो । "त्रिभुवन विमानस्थलबाट गैरकानुनीरूपमा ठुलो परिमाणमा भित्रिएको सुन प्रकरणमा तत्काल स्वतन्त्र निष्पक्ष छानबिन गर्न अधिकार सम्पन्न एक उच्चस्तरीय छानबिन समिति गठन गर्न गराउन यो बैठक नेपाल सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँछ," बैठकको निर्णयमा लेखिएको छ ।अहिले उठेका विषय र देशमा सरकारका अंगप्रतिको विश्वासको वातावरण बनाउन पनि उच्चस्तरीय समिति गठन गरेर सुन तस्करी रोक्न सकिन्छ भन्ने सन्देश दिनुपर्नेछ।

सुन तस्करीमा कुनै अन्तर्राष्ट्रिय आतंकवादीहरूसँग सम्बन्धित पैसा यसमा प्रयोग भएको छ कि ? हतियारसँग सम्बन्धित पैसा यसमा प्रयोग भएको पो छ कि ? लागुऔषधको कारोबार गर्नेहरूको पैसा यसमा प्रयोग भएको छ कि भनेर सोच्ने बेला भएको छायो सामान्य घटना होइन । त्यसकारण उच्चस्तरीय छानबिन समितिको गठन गरेर मात्र धेरै प्रश्नको उत्तर पाउन सकिन्छ । समितिमा प्रधानमन्त्री पदेन सदस्य हुने हुँदा समितिको निर्णयलाई कम आँक्न हुँदैन । "राष्ट्रिय महत्त्वको विषय बनेको तस्करी प्रकरणमा छानबिन हुनुपर्छ । "यो लेखा समितिको दायित्वभित्र पर्छ । किनभने राष्ट्रको राजस्वमा कहींबाट खलल पर्छ भने त्यो लेखा समितिको दायित्वभित्र पर्छ । राजस्वको विषय भएकोले यसलाई गम्भीर चासो दिनुपर्छ ।

साउन १० गते बसेको प्रतिनिधिसभा बैठकमा एमालेले समिति गठनलाई प्रमुख एजेन्डा बनाएको थियो । उसले समिति गठनका लाथि रुलिङ गर्न सभामुख देवराज घिमिरेलाई आग्रह नै गरेको थियो । तर, सभामुखको रुलिङ नभएपछि उसले बैठक अवरोध गरेको थियो । आइतबार समितिको बैठकमा बोल्ने सत्ता र प्रतिपक्ष दलका सांसदहरूले नै छानबिन समिति बनाउन आवश्यक रहेको बताए । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले उच्चस्तरीय छानबिन समिति बनाउने विषयमा लेखा समितिले मिल्ने भए निर्देशन दिन आवश्यक भएको बताए ।

जनता समाजवादी पार्टीका सांसद प्रदीप यादवले पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट 'हात्ती छिराउन सकिन्छ' भन्ने प्रमाण अहिलेको सुन काण्ड भएको बताउँदै छानबिन गर्न जोड दिए । नेपाली कांग्रेसका सांसद तेजुलाल चौधरी, सञ्जय गौतम, रामकृष्ण यादव र राजन केसीले पनि सुन काण्डलाई छानबिन गर्न समिति गठन गर्न निर्देशन दिनुपर्नेमा जोड दिए ।सत्तारूढ माओवादी केन्द्रका केही नेता जोडिएको भनेर आएका समाचारलाई पनि गम्भीरतापूर्वक लिएर छिटो छानबिन समिति बनाएर निर्दोष नफसुन , दोषी नउम्किउन भन्ने ख्याल नगरे सस्तो प्रचार मात्र हुनेछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# म्याग्दीमा गणित र विज्ञानका शिक्षक पाउनै मुस्किल

**रासस**
म्याग्दी, १४ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ भुरुङ तातोपानीको सर्वोदय माविले माध्यमिक तहका लागि पाँचौँपटकसम्म सूचना प्रकाशन गर्दा पनि गणित शिक्षक पाएको छैन ।

माध्यामिक विद्यालय तेस्रो तहको दरबन्दीअनुसार मासिक रु ४३ हजार छ सय ७९ तलब हुने यो पदमा कसैले दरखास्त नदिएपछि गत पुसदेखि दरबन्दी खाली भएको हो । शिक्षक अभावमा विद्यालयले माध्यामिक शिक्षा परीक्षा (एसइई) दिने विद्यार्थीका लागि छिमेकी मुक्तिमार्ग माविका शिक्षक विमल बरुवाललाई बिहान-बेलुकी तथा शनिबार पढाएर कोर्स सक्ने गरी 'पार्टटाइम' नियुक्त गरी पठनपाठन चलाएको प्रअ गोविन्द थापाले बताउनुभयो । "कक्षा ९-१० लाई विज्ञान विषयका र तल्लो कक्षाका शिक्षकले माथिल्लो तहमा पढाउन लगाएर कक्षा खाली हुन रोकेका छौँ", उहाँले भन्नुभयो, "दरबन्दीका विषयगत शिक्षक नहुँदा पठनपाठन प्रभावित भएको छ ।" मङ्गला गाउँपालिका-१ पूर्णगाउँको राष्ट्रिय जनजागृति माध्यमिक विद्यालयले मासिक रु ३० हजार तलब हुने गरी गणित विषयका शिक्षक भर्ना गर्न दशौँ पटक विज्ञापन गरेपनि कसैको दरखास्त परेको छैन् । पटक-पटक विज्ञापन गर्दा पनि शिक्षक नपाएकै कारण पठनपाठन प्रभावित भएका सर्वोदय र राष्ट्रिय जनजागृति मावि जस्तै धेरै विद्यालयहरू छन् ।

गाउँका सामुदायिक विद्यालयमा मात्र होइन सदरमुकाम बेनीका सुविधायुक्त निजी विद्यालयले समेत विज्ञान, गणित र कम्प्युटर विषयका शिक्षकको अभाव खेपिरहेका छन् । विज्ञान, गणित र कम्प्युटर विषयका शिक्षक करार र अस्थायी दरबन्दीमा आउन मान्दैनन् । अन्यत्र जागिर सुरक्षित नहुँदासम्म शिक्षण पेसामा आएका शिक्षक पनि सहरी इलाकामै खोसाखोस हुने भएकाले दुर्गममा नआएका राष्ट्रिय जनजागृति माविका प्रअ टेकबहादुर राम्जालीले बताउनुभयो । पेसाप्रतिको घट्दो आकर्षणले गर्दा शिक्षाशास्त्र पढेका उम्मेदवार शिक्षणभन्दा निजामती सेवातर्फ आकर्षित छन् । जिल्ला शिक्षा विकास तथा समन्वय एकाइका अनुसार गत वर्ष म्याग्दीका सात जना विज्ञान शिक्षक शिक्षण पेसाबाट निजामती सेवातर्फ गए । त्यसैगरी शिक्षक सेवा आयोगबाट मधेसी कोटा र अन्य जिल्लाबाट नाम निकालेर यहाँ नियुक्ति लिएर आउने र एक वर्षपछि सरुवा मिलाएर जाँदा गणित र विज्ञान विषयका शिक्षक सधैँ अभाव हुने अर्को कारण हो । शून्य दरबन्दी भएका विद्यालयमा सरकारले शिक्षण सहायता अनुदानस्वरुप १२ महिनाको रकम दिन्छ । यही रकमले करारमा नियुक्त हुने हो । पारिश्रमिक पनि कम हुने भएकाले आकर्षण कमी हुनुको अर्को कारण भएको शिक्षक महासङ्घ म्याग्दीका अध्यक्ष जयराम सुवेदीले बताउनुभयो । "विद्यालयले शिक्षक आवश्यकता खुलाउँछन्", उहाँले भन्नुभयो, "अन्यत्र पढाइरहेका शिक्षकले नै पायक पर्ने वा अनुकूलको विद्यालयमा निवेदन दिन्छन् । नयाँ अनुहारले शिक्षण सेवामा आउन चाहेको देखिँदैन ।" सदरमुकाम बेनी र आसपासमा रहेको सामुदायिक तथा संस्थागतबाहेक जिल्लाका सबै माध्यमिक तहका विद्यालयले हरेक वर्ष विज्ञान वा गणित विषयको शिक्षक टिकाउन सकेका छैनन् । "विज्ञान, गणित र कम्प्युटर विषयका शिक्षक नपाउने वा टिकाउनै नसकिने समस्या छ", जिल्ला शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख दलबहादुर थापाले भन्नुभयो, "कक्षा ६ देखि विज्ञान विषय अनिवार्य गरिएको छ तर पढाउन जनशक्ति पर्याप्त छैन । सम्बन्धित विषयका जनशक्ति पनि शिक्षण सेवामा भन्दा निजामतीतर्फ आकर्षित छन् ।" गणित, विज्ञान, कम्प्युटर विषय शिक्षण गर्ने जिल्लाकै उत्पादन नहुनु र बाहिरबाट आएकाहरू एक वर्षमै सरुवा मिलाउने भएकाले समस्या दोहोरिएको उहाँको भनाइ छ । शिक्षण लाइसेन्स परीक्षामा विषय नमिल्दो र अव्यवहारिक हुँदा पनि शिक्षक समस्या भएको थापाको भनाइ छ । आधारभूत तह कक्षा ६ देखि नै सरकारले विज्ञानलाई अनिवार्य विषयमा राखेको छ । एकाइको तथ्याङ्कानुसार म्याग्दीमा एक सय ७५ वटा आधारभूत तह (कक्षा ६-८) र एक सय १५ माध्यमिक तहमध्ये जम्मा २२-२२ जनामात्र दरबन्दीका गणित र विज्ञान शिक्षक छन् । बाँकी विद्यालयले राहत तथा निजी स्रोतबाट करारका विज्ञान शिक्षक राखेका छन् । विज्ञान र गणित शिक्षक करार र अस्थायी दरबन्दीमा आउन मान्दैनन् ।

गणित शिक्षक हुनका लागि विद्यालय तहदेखि नै ऐच्छिक गणित पढ्न जरुरी छ । तर गणितप्रति विद्यार्थीको आकर्षण छैन । चारवर्षे स्नातक तहमा शिक्षाशास्त्रतर्फ गणित, विज्ञान र कम्प्युटर विषय अध्यापन गराउने जिल्लाको एक्लो म्याग्दी बहुमुखी क्याम्पस छ । बीएड पहिलो वर्षमा चार जना, दोस्रोमा छ, तेस्रोमा तीन र चौथोमा तीन जना विद्यार्थीले मात्र गणित विषय अध्ययन गरिरहेका छन् । बीएडतर्फ विज्ञान लिएर पढ्ने तीन जनामात्र छन् । क्याम्पसले गत शैक्षिकसत्रदेखि विज्ञान र कम्प्युटर विषयको शिक्षक अभाव पूर्ति गर्ने उद्देश्यले बीएडमा विज्ञान र कम्प्युटर तथा सूचना प्रविधि विषय अध्ययन/अध्यापन सुरु गरेको छ । त्यसनिम्ति जिल्लाका सबै स्थानीय तहले आर्थिक स्रोत व्यवस्थापन गरेका छन् । "जिल्लाका विद्यालयमा शिक्षकको धेरै माग भएकाले बीएडमा गणित, विज्ञान र कम्प्युटर तथा सूचना प्रविधि विषय अध्यापन सुरु गरेका हौँ", म्याग्दी क्याम्पसका प्रमुख गोरख जिसीले भन्नुभयो, "स्नातक तहमा गणित विषय अध्यापन गराउने म्याग्दी क्याम्पसका स्रोत विद्यालय जम्मा पाँच छन् । ती विद्यालयबाट स्नातक पढ्न आउने जम्मा चार-पाँच जना विद्यार्थी हुन् । ती पनि चौथो वर्ष पुग्दासम्म हराइसक्छन् अनि कसरी गणित विषयका शिक्षक उत्पादन हुन्छ ?"

# भानु संस्कृत विद्यापीठ बन्द

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ साउन

संस्कृतलाई अन्य भाषाको पनि मातृभाषा मानिन्छ । पूर्वीय दर्शनमा पनि संस्कृतको ठूलो महत्व छ । तर नेपालमा पनि संस्कृत अधयापन गराउने विद्यालय भने विद्यार्थीको सङ्ख्या घट्दै जाँदा बन्द चिन्ता पनि थपिएको छ ।

लामो समयदेखि संस्कृत अध्यापन हुँदै आएको राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घाबैँसीको भानु संस्कृत विद्यापीठ पनि पछिल्लो समय बन्द अवस्थामा छ । पठनपाठन बन्द भएपछि विद्यापीठको भवन यतिबेला जीर्ण बन्दै गएको छ । भवन वरपर घाँस पलाएको छ । विद्यापीठका तत्कालीन प्राचार्य पूर्णचन्द्र वाग्ले शिक्षा ऐनका कारण विद्यापिठ बन्द भएको तर्क गर्नुहुन्छ । "विद्यार्थी नभएर मात्रै विद्यापीठ बन्द भएको होइन, विद्यार्थी अत्यधिक त थिएनन् तर कारण भने शिक्षा ऐन नै ।" सरकारबाट विद्यापीठमा मध्यमासम्मको कक्षा सञ्चालनका लागि मात्रै स्वीकृति हुँदा यस्तो अवस्थामा पुगेको वाग्ले बताउनुहुन्छ । "सरकारले शिक्षा ऐन परिमार्जन गरी कक्षा १२ सम्मलाई विद्यालय तहमा ल्यायो, यसका लागि शास्त्री र आचार्य सञ्चालन गर्ने अनुमति चाहिन्छ तर अनुमति नहुँदा विद्यापिठ बन्द भएको हो", वाग्लेले भन्नुभयो । भानुभक्त आचार्यको पहिचानकै रुपमा रहेको यस विद्यापीठ बन्द हुनु भानुवासीका लागि दुःखद भएको उहाँको भनाइ छ । "हरेक क्षेत्रको विकासमा राजनीतिक दलको पनि भूमिका रहन्छ, तर राजनीतिक दलले यसमा ध्यान नदिँदा शास्त्रीको कक्षा सञ्चालन हुन नसक्दा विद्यापिठ बन्द हुन पुगेको हो", उहाँले भन्नुभयो । विद्यापिठ बन्द भएपछि प्राचार्य वाग्लेको कास्कीको पोखरास्थित बिन्दवासिनी संस्कृत विद्यापीठमा सरुवा भइसकेको छ । हाल यो विद्यापीठ सङ्घीय सरकार मातहत छ । नेपाल संस्कृत विश्वविद्यालयका रजिस्ट्रार माधव अधिकारीले विश्वविद्यालयको आ-आफ्नो नीतिअनुसार चल्ने क्रममा भानु संस्कृत विद्यापीठ उत्तरमध्यमा तहसम्म पठनपाठन गराइएको बताउनुभयो । "उत्तर मध्यमा तहको पठनपाठन हुँदा छ महिनाको भाषा प्रशिक्षण दिएर संस्कृत अध्ययनका लागि विद्यार्थी भर्ना गरिने गरिएको थियो, सो समयमा विद्यालयमा ११/१२ कक्षा सञ्चालन भएको थिएन", उहाँले भन्नुभयो ।

तत्कालीन समयमा विद्यार्थी अध्ययनका लागि आउने क्रम राम्रो थियो । तर, शिक्षा ऐनमा विद्यालय तह कक्षा १२ सम्म भएको तर सोअनुसार उत्तरमध्यमा तहको पढाइ शास्त्री तहमा परिणत गर्न नसक्दा बन्द हुन पुगेको उहाँको भनाइ छ । "वेदव्यास संस्कृत माध्यमिक विद्यालयसँग समन्वय गरी अगाडि बढाउने प्रयास समेत गरेको थियो, सरकारबाट निर्णय हुन सकेन र पूर्णरुपमा बन्द भएको हो", उहाँले भन्नुभयो । प्राचीन वाङ्मयमा निहीत परम्परागत धर्म, नैतिक मूल्यमान्यता, सदाचार र सच्चरित्रको परिपालना गर्दै संस्कार, सभ्यताजस्ता विशिष्टताको खोजी गरी तिनको संरक्षण र संवर्द्धन गर्न संस्कृत भाषा अध्ययन हुने विद्यापीठ पुनः सञ्चालन गर्न आवश्यक भएको सरोकारवालाको भनाइ छ । भानु संस्कृत विद्यापीठमा उत्तर मध्यमा तह अध्ययन गर्नुभएका विद्यार्थी ओमकार आचार्यले वैदिक धर्मको पहिचान, संस्कार, संस्कृति, परम्परालाई संरक्षण गर्न सहयोग पुऱ्याउने यस्ता विद्यापीठ सञ्चालन हुनुपर्ने बताउनुभयो । संस्कृत भाषाको संरक्षणका लागि पनि सबै पक्षले चासो दिनुपर्ने उहाँको भनाइ छ । "वैदिक धर्म, पहिचान, संस्कार, संस्कृति र परम्पराको संरक्षणमा सहयोग पुऱ्याउने संस्कृत विद्यालय सञ्चालनलाई निरन्तरता दिन अन्य विद्यालयसरह सबैले चासो दिनुपर्छ, अन्य सामुदायिक तथा संस्थागत विद्यालयका लागि विद्यार्थी भर्नाका लागि खोजिए जसरी नै संस्कृत अध्ययनका निम्ति विद्यार्थी खोज्ने, छात्रवृत्तिलगायत विभिन्न शिक्षाको पहुँचका विषयको व्यवस्थापन गर्न सबै पक्षले समन्वय गर्नुपर्छ", विद्यापीठका स्ववियु पूर्वसभापति समेत रहनुभएका आचार्यले भन्नुभयो ।

# आम्दानीको स्रोत बन्दै जङ्गली च्याउ

**रासस**
म्याग्दी, १४ साउन

पश्चिम र उत्तरी म्याग्दीका गाउँमा रहेका होटल तथा घरबासका मुख्य परिकार हो जङ्गली च्याउ । जङ्गलको ठुटामा पाइने च्याउकै स्वाद लिन आन्तरिक पर्यटक म्याग्दीका ग्रामीण क्षेत्रको होटल तथा घरबास (होमस्टे) पुग्न थालेका छन् ।

च्याउबाहेक जङ्गली रातो च्याउ, फापर, भाँगोको चट्नी र कोदोको ढिँडो, लोकल कुखुरा र सिमीको दाल ग्रामीण क्षेत्रमा रहेका होटल र घरबासका मुख्य परिकार हुन् । पश्चिम म्याग्दीको दरबाङ बजार कटेपछि रुम, दिच्याम, मुना, मुदी, लुलाङ, गुर्जा, देवीस्थान, बिम जुनसुकै ठाउँका होटल तथा घरबासमा प्राङ्गारिक परिकारले नै पर्यटकको स्वागत गरिन्छ । पदयात्रामार्फत धवलागिरि हिमाल आरोहणका लागि जाने विदेशी पर्यटक होउन् वा गुर्जा, मुदी र पश्चिमी क्षेत्रका अन्य पर्यटकीय क्षेत्र पुग्नेहरूको स्थानीय परिकारकारुपमा पहिलो रोजाइ रातो च्याउ पर्ने गरेको मुनाकी कमला तिलिजाले बताउनुभयो ।

धवलागिरि, मालिका, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाको अधिकांश जङ्गलमा रातो च्याउ पाइन्छ । जङ्गलमा जोखिमपूर्ण तरिकाले रातो च्याउ टिपेर ल्याउनुपर्ने भएकाले यसको मूल्य निकै महङ्गो हुन्छ । प्रोटिन र भिटामिनका लागि राम्रो मानिने जङ्गली रातो च्याउ म्याग्दीका ग्रामीण बस्तीमा पुग्ने जो कोहीले रुचाउने परिकार हो । घरबासमा आउने अधिकांशले रुचाउने परिकारमध्ये रातो च्याउ प्रमुख भएको मुना घरबासका सञ्चालक रेजिना पुनले बताउनुभयो । "घरबासमा आउने जो कोहीले खानका लागि र कोशेलीका लागि रातो च्याउ खोज्ने गरेका छन्", उहाँले भन्नुभयो, "पाहुनाले आफ्ना परिवारका सदस्य रहेका युरोप तथा अमेरिकालगायत मुलुकमा समेत कोशेलीका लागि यही रातो च्याउ खरिद गर्दै आएका छन् ।" रातो च्याउ आलोमा रु आठ सय र सुकाएको रु चार हजारमा बिक्री हुने गरेको दरबाङस्थित आत्मनिर्भर साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष शन्तनाथ सुवेदीले बताउनुभयो । जङ्गली च्याउको माग बढ्दै गएपछि पश्चिम म्याग्दीवासीले जङ्गली च्याउ सुकाएर राख्ने गरेका छन् । सुकेको रातो च्याउको माग धेरै भएपछि पुऱ्याउनै नसकिएको उहाँको भनाइ थियो । स्थानीयवासीले जङ्गलमा घाँस दाउरा गर्न जाने क्रममा काठको ठुटामा फलेको रातो च्याउ टिपेर ल्याउने गरेका छन् । हालसम्म रातो च्याउ व्यावसायिकरूपले बिक्रीवितरण नभएको रुम निवासी टेकबहादुर घर्तीले बताउनुभयो ।

अहिले जङ्गलमा सानैमा च्याउ टिप्न थालेपछि उत्पादन घट्नाका साथै मूल्य बढ्दै गएको उहाँको भनाइ थियो । उच्च हिमाली भेगमा ठूला रूखमा रातो च्याउ पाइन्छ । जङ्गलमा पाइने अधिकांश च्याउ विषालु हुने भएकाले स्थानीयवासीले मात्रै खानामा प्रयोग हुने च्याउ पहिचान गर्न सक्दछन् । रुमको उच्च भागमा रहेका घरमा अहिले जङ्गली रातो र सेतो च्याउ थोरधेर सुकाएकै पाइन्छ । रातो च्याउ रुमलगायत देवीस्थान, बिम, दिच्याम, गुर्जा, ओखरबोटलगायत जङ्गलमा पाइन्छ । रातो च्याउ सुकाएपछि लामो समयसम्म रहने भएकाले कोशेलीका रुपमा प्रयोग हुँदै आएको बेनी बजारमा लामो समयदेखि प्राङ्गारिक च्याउ उत्पादनको व्यापार गर्दै आउनुभएका सुमन पौडेलले बताउनुभयो । उहाँले च्याउको महत्व बुझ्नेले जापान, अमेरिकालगायत देशमा आफन्तलाई कोशेलीका रूपमा पठाउने गरेको जानकारी दिनुभयो । देवीस्थानकी रुपमाया घर्ती, रुमका बुद्धबहादुर विक, देविस्थानकी माया सिउथानीलगायत यस क्षेत्रका २० भन्दाबढी व्यक्तिले जङ्गली रातो च्याउ सङ्कलन गरी बिक्री गरेर वार्षिक रु ५० हजारदेखि रु दुई लाखसम्म आम्दानी गर्दै आएका छन् । रुमका बुद्धबहादुर विकले यस वर्षमात्रै रु ४७ हजारको रातो च्याउ बिक्री गरेको जानकारी दिनुभयो ।

व्यावसायिक उत्पादन गर्नसके रातो च्याउको भविष्य रहेको उहाँको भनाइ थियो । सिताके च्याउको व्यावसायिक उत्पादन थालिए जसरी नै रातो च्याउको पनि उत्पादन गर्न सकिने सम्भावना रहेको दरबाङस्थित आत्मनिर्भर साना किसान सहकारी संस्थाका अध्यक्ष शन्तनाथ सुवेदीले बताउनुभयो ।


# देशभर ८५ प्रतिशत पानी पऱ्यो

**रासस**
काठमाडौं, १४ साउन

वर्षको जारी मनसुनमा देशभर सरदरमा औसतभन्दा कम वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको हावापानी विश्लेषण शाखाका अनुसार हालसम्म देशभर ८५ दशमलव चार प्रतिशत वर्षा भएको छ ।

शाखाका मौसमविद् सुदर्शन हुमागाईंका अनुसार गत जेठ १८ देखि यही साउन १४ गतेसम्म छ सय ४३ मिलिमिटर वर्षा भएको छ । उहाँले अघिल्लो वर्षको सोही अवधिको तुलनामा देशभर सरदरभन्दा कम वर्षा भएको जानकारी दिनुभयो ।
"देशभर हालसम्म सरदरको ८५ दशमलव चार प्रतिशत वर्षा भएको छ । जुन सरदरभन्दा कम वर्षा हो", मौसमविद् हुमागाईंले भन्नुभयो । मनसुन अवधिभर नेपालमा एक हजार चार सय ६२ मिलिमिटर वर्षा हुने गरेको शाखाले जनाएको छ । यसअघि विगतका वर्षभन्दा यो वर्ष सरदरमा देशभर औसतभन्दा कम वर्षा हुने प्रक्षेपण गरिएको छ । शाखाका अनुसार यो बीचमा विशेषगरी तराईका भू-भागमा सरदरभन्दा कम वर्षा भएको छ । त्यसैगरी ओखलढुङ्गा, जिरी र जोमसमका मौसम मापन केन्द्रको आँकडामा सरदरभन्दा बढी वर्षा भएको छ । ताप्लेजुङ, काठमाडौँ, पोखरा, दिपायल र जुम्लामा सरदरको हाराहारीमा वर्षा भएको छ भने सिमरा, जनकपुर, भैरहवा, नेपालगञ्ज, धनगढी र सुर्खेतमा सरदरभन्दा कम वर्षा भएको छ ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला साविक चण्डीकालिका गा.वि.स. वडा नं ३ पछि पुतलीबजार नगरपालिका वडा नं ८ हाल पुतलीबजार नगरपालिका वडा नं १४ निवासी भारतीय भू.पू. सैनिक नं ६२९४२३ एन नायक सुवेदार हर्कबहादुर के. सी. को श्रीमती शारदा देवीको नेपाली नागरिकताको प्रमाण पत्रमा नाम थर शारदा के.सी. जन्म मिति २०१९/१०/१५ उल्लेख भएको र निजको पतिको पेन्सन अभिलेखमा निजको नाम थर शारदा देवी जन्म मिति ई.सं ०५-०१- १९६३ तदनुसार वि.सं २०१९/९/२१ भई फरक फरक नाम थर र जन्म मिति भए तापनि व्यक्ति एउटै निजको बाबु भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका १४ नं वडा कार्यालयको च.नं ५२० मिति २०७४/०९/१२ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# 'सभाहल अपाङ्गतामैत्री भएन, ह्वीलचियरमा जान सकिँदैन'

**पोखरापत्र संवाददाता**
तनहुँ, १४ साउन

तनहुँको व्यास नगरपालिका-३ मा निर्माणाधीन सभाहल अपाङ्गतामैत्री नभएको अधिकारकर्मीले गुनासो गरेका छन् । जिल्लाकै ठूलो आयोजनामध्येको एक सभाहललाई अपाङ्गतामैत्री नबनाइएको अपाङ्गताको क्षेत्रमा काम गरिरहेका अधिकारकर्मीको भनाइ छ ।

सङ्घीय सरकारको आर्थिक सहयोगमा निर्माणको अन्तिम चरणमा पुगेको सभाहलमा अपाङ्गता भएका व्यक्तिलाई जानै मुस्किल रहेको अपाङ्गताको क्षेत्रमा काम गरिरहेको सहृदयी मञ्च तनहुँका अध्यक्ष सावित्री सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, " सभाहलको कुनै पनि संरचना अपाङ्गतामैत्री छैन, ह्वीलचियर जान मिल्दैन । हरेक सरकारी भवन अपाङ्गतामैत्री बनाइने भनिन्छ तर व्यवहारमा कार्यान्वयन भएको छैन ।" सभाहलको प्रवेशद्वारमा अपाङ्गता प्रवेशका लागि र्‍याम्प नबनाइएको र शौचालय पनि अपाङ्गतामैत्री नभएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "सरकारी बजेटबाट निर्मित संरचना नै अपाङ्गतामैत्री नहुनु दुःखद् हो । सरकारी भवन बनाउँदा पूर्ण अपाङ्गतामैत्री बनाउनुपर्छ ।" अपाङ्गताको अधिकारका लागि काम गर्ने रिसेड तनहुँका अध्यक्ष मदन पौडेल सभाहल सीमित व्यक्तिका लागि मात्रै बनेको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "भवनको प्रवेशद्वार नै हाम्रा लागि काँडेतार लगाएको महसुस भयो, यति ठूलो सार्वजनिक भवन त्यो पनि अहिलेको जमानामा अपाङ्गतामैत्री नहुनु दुःखद् हो । भवनमा अपाङ्गता भएका व्यक्तिका लागि शौचालयसमेत छैन । मूल हलमा ह्वीलचियर प्रयोग गर्ने व्यक्तिका लागि दर्शकदीर्घामा बस्ने ठाउँ छैन ।" सरकारी भवन अपाङ्गतामैत्री बनाउनुपर्छ भन्ने सरकारको प्रष्ट निर्देशन रहे पनि व्यवहारमा कार्यान्वयन नभएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "जिल्ला समन्वय समितिको स्वामित्वमा रहेको भवनलाई पूर्ण मानवमैत्री बनाउन समन्वय समितिले पहल गर्नुपर्छ । अर्कोतिर अपाङ्गता भएका व्यक्तिहरूले खोलेका संस्थाका पदाधिकारीहरू सङ्गठित भएर आवाज बुलन्द पार्नुपर्छ ।" व्यास नगर अपाङ्गता समन्वय समितिका सदस्य ह्वीलचियर प्रयोगकर्ता कृष्णा थापाले आफूजस्ता ह्वीलचियर प्रयोगकर्ताका लागि सभाहलको संरचनाले अवरोध पुग्ने बताउनुभयो । सहरी विकास तथा भवन निर्माण विभाग सङ्घीय आयोजना कार्यान्वयन एकाइ कास्कीमार्फत निर्माण भइरहेको भवन अन्तिम चरणमा पुगेको छ । हाल भवनमा रङरोगनको काम भइरहेको छ ।

विसं २०७४ माघ २८ गतेदेखि निर्माण सुरु भएको भवन कोरोना त्रासका कारण ढिलाइ भएको थियो । विसं २०७७ असार १५ गतेभित्र सम्पन्न गर्नुपर्ने उक्त भवन कोरोनाको चपेटामा परेको थियो । भ्याटबाहेक रु २३ करोड ६२ लाख ४३ हजार तीन सय ३१ को लागतमा निर्माण भइरहेको भवन विसं २०७७ असार १५ गतेभित्र सम्पन्न गर्ने गरी काठमाडौँस्थित डाँफे/एमए/प्रतिष्ठा जेभीले ठेक्का पाएको थियो । सोही ठाउँमा रहेको पुरानो सभागृह भत्काएर विसं २०७४ माघ २८ गतेदेखि भवन निर्माण सुरु भएको थियो ।

सभाहल निर्माण सम्पन्न भएको मितिदेखि एक वर्षसम्म मर्मतसम्भारको अवधि राखिएको छ । सात सय ५० जना क्षमता भएको सभाहलको बेस ग्राउन्डमा २० कार तथा ७० मोटरसाइकल पार्किङ गर्न सकिनेछ । उक्त भवनमा मुख्य सभाहलबाहेक एक सय ५० जना क्षमताको सेमिनार हल निर्माण हुनेछ । सभाहल बाहिर फाउन्टेनसहितको विशिष्ट कक्ष (भिआइपी) पार्किङस्थलसमेत रहनेछ । सभाहल ५३ मिटर लम्बाइ, १५ उचाइ र २५ दशमलव पाँच चौडाइको हुनेछ । यसैगरी मञ्चले सभाहललाई अपाङ्गमैत्री बनाउन माग गर्दै जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेलाई ज्ञापनपत्र बुझाएको छ । मञ्चका अध्यक्ष सुवेदीले वाग्लेलाई ज्ञापनपत्र बुझाउँदै साउन मसान्तसम्म सभाहललाई अपाङ्गतामैत्री बनाउन ध्यानाकर्षण गराउनुभएको हो ।

उक्त समयभित्र माग सुनुवाइ नभए पहुँचयुक्तता आन्दोलनको विभिन्न कार्यक्रम सञ्चालन गर्न बाध्य हुने ज्ञापनपत्रमा उल्लेख छ । मञ्चले सहरी विकास तथा भवन निर्माण विभाग सङ्घीय आयोजना कार्यान्वयन एकाइ पोखरा, राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय पोखरा, राष्ट्रिय अपाङ्ग महासङ्घ गण्डकी प्रदेश, जिल्ला प्रशासन कार्यालय तनहुँ र सामाजिक विकास कार्यालय तनहुँलाई ध्यानाकर्षण समेत गराएको छ ।

# ग्लोबल कलिजियटमा विद्यार्थी स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

पोखरा-१२, रानीपौवास्थित ग्लोबल कलिजियट स्कुलले शनिबार एक कार्यक्रमको आयोजना गरी कक्षा ११ का नवआगन्तुक विद्यार्थीलाई स्वागत गरेको छ ।

उक्त स्वागत कार्यक्रममा विद्यार्थीहरूले नृत्यसहित विभिन्न रचनात्मक प्रस्तुति दिएका थिए ।

कक्षा १२ का विद्यार्थीले कक्षा ११ का विद्यार्थीलाई अबिर, माला, खादासहित स्वागत गरेका हुन् । विद्यालयका प्राचार्य बाबुराम पन्तले आफ्नो देश बनाउन नसकेर विदेश जाने नभई देश निर्माणका लागि जिम्मेवारी वहन गर्न सक्ने जनशक्ति आजको आवश्यकता रहेको बताए । विद्यालयका उपप्राचार्य वेदप्रसाद शर्माले स्वागत मन्तब्री राख्दै अहिलेसम्म विद्यालयले विभिन्न विषयमा अनुसन्धान तह पूरा




गर्ने थुप्रै दक्ष जनशक्ति उत्पादन गरिसकेको जानकारी दिँदै नव आगन्तुक विद्यार्थीलाई तिनै दाइदिदीका पदचाप पछ्याएर अघि बढ्न अनुरोध गरेका थिए । सो अवसरमा विद्यालय निर्देशक नन्दलाल त्रिपाठी, उपप्राचार्य पद्मराज ढकाल, विद्यालयका पूर्व संयोजक सहप्राध्यापक डाक्टर नगेन्द्र भण्डारीले मन्तव्य दिएका थिए । कक्षा १ देखि १२ कक्षासम्म सञ्चालित विद्यालयमा व्यवस्थापन र विज्ञान समूहमा ४८० विद्यार्थी अध्ययनरत छन् । 'सिक्न आउनुहोस्, सेवा गर्न जानुहोस्' (कम टु लर्न, गो टु सर्भ) को मूल नारामा अघि बढेको विद्यालयले क्रियाकलाप तथा परियोजनामा आधारित विधिमा शिक्षण सिकाइ क्रियाकलाप गराउँदै आएको छ । विद्यालयमा हाल करिब दुई हजार विद्यार्थी अध्ययनरत छन् ।

कक्षा ११ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कारसमेत वितरण गरिएको थियो । विद्यालयका प्राचार्य बाबुराम पन्तको अध्यक्षतामा भएको कार्यक्रमको संचालन शिक्षक नेपाल प्रकाश अधिकारीले गरेका थिए ।

# बाँदर आतङ्कले किसान हैरानी : कुरुवा बस्दै बित्छ दिन

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ साउन

बागलुङको अधिकांश ग्रामीण क्षेत्र जङ्गलसँग जोडिएका छन् । जङ्गल नजिक बस्ती हुँदा बाँदरले स्थानीयलाई हैरानी बनाउँदै आएको छ । हिउँदमा घरको आँटीमै पुगेर अन्न खाइदिने र सामान फुटाइदिने गर्छ भने बर्खामा बारीमा लगाएका मकै, भटमासलगायतका बाली नष्ट गरिदिन्छ । यतिबेला किसानमा बारीमा भर्खर मकैले घोगा निकाल्न थालेका छन् । बारीको अधिकांश छेउछाउमा स-साना त्रिपालका छाप्रा देखिन्छन् । छाप्रोमा दैनिक एक-दुई जना बाँदर धपाउने कृषक पनि हुन्छन् ।

उनीहरू यी छाप्रामा मकै, भटमास र कोदो बाली नभित्र्याउँदासम्म बस्ने गर्छन् । एकैछिन बाहिर गए आउने बेला बारीमा मकै नरहने हुँदा किसान दिनभरि बारी छेउमै बस्न बाध्य छन् । यो बेला किसानका लागि कामको चटारो हुने समय भए पनि बाँदर धपाउनका लागि कुरुवा राख्नुपर्ने बाध्यतामा उनीहरू छन् । जिल्लाको धेरै स्थानमा रातो बाँदर पाइन्छन् भने केही स्थानमा सेतो प्रजातिका बाँदरले पनि आतङ्क मच्चाउने गरेको कृषकले गुनासो गर्दै आएका छन् । हरेक वर्ष बाँदरले लाखौँको खाद्यबाली नष्ट गरिदिने गरेको पाइन्छन् । तर बाँदर नियन्त्रणका लागि स्थानीय पालिकाले कुनै नीति नल्याउँदा किसान निराश छन् । सयौँको सङ्ख्यामा रहेको बाँदरले बारीमा रहेको मकै एकैछिनमा नष्ट गर्ने हुँदा एक जना कुरुवा अनिवार्य राख्नुपर्ने बाध्यता रहेको ढोरपाटन नगरपालिकाका किसान कृष्णबहादुर विकले बताउनुभयो । असार अन्तिम सातादेखि बारी छेउमा छाप्रो बनाएर बस्न थालेको जनाउँदै उहाँले अब असोजमा मकै भित्र्याएपछि मात्रै कुरुवा बस्न नपर्ने बताउनुभयो । बिहान सबेरै उठेदेखि रात झमक्क नपर्दासम्म बारीमै बस्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ । "पहिले-पहिले बाँदर कम लाग्थ्यो, अहिले निकै ठूलो सङ्ख्या आउँछन्, दुई-तीन सयको सङ्ख्यामा आउने बाँदरले सिङ्गो बारीको मकै १० मिनेटमै सखाप पारिदिन्छ, त्यही भएर बिहानैदेखि यहाँ बस्नुपर्छ", उहाँले भन्नुभयो, "के गर्ने बल्लतल्ल दुःख गरेर बाली लाइयो, यहाँ कुरेर बसिएन भने वर्षभरि भोकै बस्नुपर्छ, यो गाउँको सबैभन्दा ठूलो शत्रु नै बाँदर हो, हामी वर्षौँदेखि आजित भएका छौँ, सरकारले यो समस्या समाधानका लागि केही उपाय दिए ठूलो राहत मिल्ने थियो ।" कतिपय किसानले बाँदरलाई डराउन दिनका लागि बारीको छेउछाउमा कुकुर बाँध्ने, पुरानो कपडाको डमी बनाएर राखेको देखिन्छन् । पहिले-पहिले कुकुर र डमीदेखि डराएर बारीमा बाँदर कम आउने गरे पनि अहिले डराउन छाडेको निसीखोलाका किसान निमबहादुर घर्तीले बताउनुभयो । उहाँले घरमा कम सदस्य हुने परिवारले मान्छे खोजेर भए पनि कुरुवा राख्ने गरेको बताउनुभयो ।

बाँदर कुर्दा घरको अन्य काम गर्न नपाउने घर्तीले दुःखेसो पोख्नुभयो । बाँदरले हैरानी बनाएपछि गाउँका खेतीयोग्य जमिनमा बाली लगाउन छाडिएको उहाँको भनाइ छ । घर्तीले भन्नुभयो, "बाँदर नियन्त्रण गर्न धेरै कोसिस गरियो, धेरै उपाय पनि अपनाइयो तर सकिएन, दिनभरि कुरुवा नबसेसम्म बाली जोगिन्न, पहिले-पहिले कुकुरदेखि डराउने बाँदर अहिले उल्टै कुकुरसँग लड्न थालेको छ, मान्छे हैरान भइसके, त्यही भएर खेती पनि गर्न छाडे, हामी सानो-सानो हुँदा गाउँमा कुनै पनि बारी बाँझो रहँदैनथ्यो, अहिलेजस्तो बाँदर आतङ्क पनि थिएन, राम्रो उत्पादन हुन्थ्यो, अहिले घर अगाडिकै बारीमा आएर बाँदरले बाली खाइदिन्छ, त्यही भएर पनि मान्छेहरू बसाइँ सरे ।"

बाँदर नियन्त्रणका लागि निसीखोला गाउँपालिका-४ ले अघिल्लो वर्ष रु साढे चार लाख छुट्याएर काम गरेको थियो तर प्रभावकारी भने हुनसकेको थिएन । यस वर्ष नयाँ प्रविधिको प्रयोग गरेर बाँदर नियन्त्रण गर्ने योजना रहेको वडाध्यक्ष टीकानिधि पौडेलले बताउनुभयो ।

पछिल्लो समय लेक-लेकबाट मध्यगाउँमै बाँदर आउन थालेको उहाँको भनाइ छ । कृषकलाई आधुनिक प्रविधिसँग जोडेर बाँदर आतङ्कबाट मुक्त बनाउनका लागि तीनवटै सरकारले सहकार्य गर्नुपर्ने अध्यक्ष पौडेल बताउनुभयो ।

"बाँदर आतङ्क बढ्दै गएको छ, पहिले यस्तो समस्या हुँदैनथ्यो, बसाइँसराइको प्रभाव हो कि, के हो अहिले गाउँगाउँमै बाँदर बस्न थालेको छ, हामीहरूले यसको नियन्त्रणका लागि केही प्रयास गर्‍यौँ तर त्यत्ति प्रभावकारी भएन", उहाँले भन्नुभयो, "अब अलि फरक तरिकाले लाग्नुपर्ने देखियो, बाँदर धपाउने बन्दुक पट्काउँदा सुरुमा डराउने गरेको पाइयो पछिपछि टेर्न छाड्यो भन्ने गुनासो सुनियो, अब यसको दीर्घकालीन समाधान के हो त्यसका लागि विज्ञसँग बुझ्ने र समधान गर्नतर्फ लाग्नुपर्ने भयो ।"

# आफैलाई जोगाउन नसकेको त्यो दिन...

**रासस**
बलेवा, १४ साउन

यही साउन ८ गते प्रहरी चौकी भिमगिठेको कार्यक्षेत्रमा पर्ने बडिगाड खोलामा ढुङ्गागिट्टी अवैध बालुवाको उत्खनन् भइरहेको खबर प्रहरी चौकीमा आयो । उक्त सूचनाका आधारमा चौकी इञ्चार्जसमेत रहनुभएका वरिष्ठ प्रहरी नायब निरीक्षक उज्वल पौडेल केही प्रहरी जवानसहित खोलातर्फ लाग्नुभयो ।

खोलामा अवैध उत्खनन् भइरहेको सूचना भने गलत निस्कियो । यद्यपि गाउँपालिकाले केही दिन पहिला प्रहरीलाई पत्राचार गरी खोला किनारको कडा निगरानीका लागि आग्रह गरेको थियो । सोही दिन गाउँपालिकाले सामाजिक सुरक्षावापतको भत्ता वितरण गर्दै थियो । गाउँपालिकाकै दुर्गम ठाउँ वडा नं १० को दर्लिङमा बैंकसँगको सहकार्यमा गाउँमै भत्ता वितरण हुँदै थियो । ठूलो परिमाणमा नगदसहित गाउँ पुगेका बैंक र गाउँपालिकाका कर्मचारीलाई सुरक्षा दिने जिम्मेवारी पनि भिमगिठे प्रहरी चौकीकै थियो । खोला किनारबाट फर्किएपछि पौडेलले सामाजिक सुरक्षा भत्ता वितरण भइरहेको ठाउँमा प्रहरी जवान खटाउनुभयो । भत्ता वितरणको काम साँझ पाँच बजेतिर सकियो । चौकीमा आकस्मिक काम भने चलिरहेकै थिए तर औपचारिक काम सकिएपनि भने जिम्मेवारी हल्का भएको थियो । नयाँ आर्थिक वर्ष सुरु भएकाले गाउँपालिकाले कुनै पनि नदी तथा खोला किनार र बगरको ढुङ्गागिट्टी बालुवा ठेक्कामा लगाएको छैन । त्यसै पनि हरेक वर्ष जेठको १५ देखि असोजको १ गतेसम्म खोला तथा नदी किनारको उत्खनन् गर्न नपाइने व्यवस्था छ । त्यही कानुनी व्यवस्था कार्यान्वयन गर्दै प्रकृति जोगाउन खोला चाहरेको वरिष्ठ प्रहरी नायब निरीक्षक पौडेलको टोली नागरिकलाई सामाजिक सुरक्षा वितरणमा खटिएको थियो । दिनभरी प्रकृति र नागरीकको सुरक्षामा खटिनुभए पौडेलले रात परेपछि आफ्नै प्राण भने जोगाउन सक्नुभएन् । साउन ८ गते बागलुङको बढीगाड गाउँपालिका-६ मा रहेको आशा होटलको तल्लो तलामा उहाँको दुःखद निधन भयो । "उहाँ बालबालिका, युवादेखि वृद्धवृद्धा सबैसँग मिलनसार व्यवहार गर्नुहुन्थ्यो", भीमगिठेका युवा दिनेश शर्माले भन्नुभयो, "उहाँको मृत्युको खबरले त्यो दिन खाल बजार भरिभराउ भएको थियो, सबैको मन अशान्त देखिन्थ्यो ।"

आशा होटलमा उहाँ पहिलो पटक जानुभएको भने होइन् । प्रायः औपचारिक काम सकिएपछि उहाँ खाजा खानका लागि त्यहाँ पुग्ने गरेको स्थानीयवासी बताउँछन् । सधैँ भोक मेट्ने होटलमा नै उहाँको देहलिला मेटियो । "काममा निकै इमान्दार हुनुहुन्थ्यो, तर मैले राम्रोसँग भने संगत गरिन" बडिगाड गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले पौडेललाई सम्झँदै भन्नुभयो ।

प्रहरी अधिकृतनै मृत भेटिनु, हत्याको आशङ्का गरिनुलगायतका कारणले यतिबेला जिल्लाको वडिगाड गाउँपालिकालगायत मध्यपहाडी लोकमार्ग क्षेत्र आशङ्काको भूमरीमा छ । होटलमा खाजा जानुभएका प्रहरी चौकी इञ्चार्ज पौडेलको हत्याको विषयमा नागरिकमा प्रश्न छन् । पौडेलको हत्या भएको प्रहरीको प्रारम्भिक निष्कर्ष छ । पक्राउ परेका होटल सञ्चालक आशा कुँवर तथा उनका छोरा विमल कुँवरको बयानको आधारमा हत्या भएको भन्न सकिने प्रमाण भेटिएको प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्का बताउनुहुन्छ । यद्यपि हत्याको कारण भने खुलेको छैन । "सामान्य विवादपछि टाउकोमा प्रहार गरेको, ढलेपछि छातिमा लात्तिले हानेको र पर्दाले घाँटी थिचेर मारेको देखिन्छ", प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ । हत्यापछि समेत आरोपीले निकै चलाखीपूर्ण तरिकाले सुनको सिक्री लुकाउने वडाध्यक्षलाई खबर गर्ने र आफै मृत्यु भएको बनाउने प्रयत्न गरेको एक प्रहरी अधिकृतले बताउनुभयो । उहाँको शवको परीक्षणका लागि गण्डकी अस्पताल पोखरामा गरिएको थियो । "शव परीक्षणको रिपोर्ट दुई हप्तामा आउँछ, त्यति बेलासम्म अनुसन्धानका अन्य पाटाबाट पनि धेरै खुल्ने छ", प्रहरी निरीक्षक राजाराम खड्काले भन्नुभयो, "हत्या किन गरियो भन्ने विषय खोजीको विषय हो ।" पर्वतको कुश्मा नगरपालिका-९ स्थायी घर हुनुभएका पौडेलको श्रीमती र बच्चा काठमाडौँमा बस्दै आउनुभएको छ । पौडेलको मृत्युपछि परिवार शोकमा डुबेको छ । केही समय राष्ट्रियसभा अध्यक्षको सुरक्षामासमेत खटिनुभएका पौडेल केही समय अघि मात्रै बागलुङ फर्किनुभएको थियो ।


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**म विवेक भण्डारीको रजिष्ट्रेशन नम्बर २०७० सालमा राष्ट्रिय उच्च मा.वि.बाट उत्तीर्ण भई २०७५ सालमा माइग्रेशन र प्रोभिजनल सर्टिफिकेट प्राप्त गरेको माइग्रेसन सर्टिफिकेट सहित अन्य कागजपत्रहरु हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

**नामः विवेक भण्डारी**
Registration No: 694007094
Symbol No : 24000904
**सम्पर्क नं.** : 9846760587


# खहरेका क्यान्सर पीडित अधिकारीलाई ३ लाख भन्दा बढी सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १४ साउन

लालीगुराँस युवा क्लब, फेदीखोला-२, खहरे स्याङ्जाले एक कार्यक्रमको आयोजना गरि फोक्सोको क्यान्सर रोगबाट पीडित भई विगत एक वर्षदेखि भारतको नयाँ दिल्लीमा उपचाररत ३१ वर्षीया पूजा अधिकारी कार्कीको परिवारलाई सहयोग रकम हस्तान्तरण गरेको छ।

क्लबका पदाधिकारी, सदस्य एवम् स्वदेश तथा विदेशमा रहेका सहयोगी मनहरुबाट संकलित ३ लाख २९ हजार सात सय २९ रुपैया क्लबका अध्यक्ष शंकर कार्की, ज्येष्ठ नागरिक समाजसेवी मान बहादुर कार्की र कोषाध्यक्ष समीर कार्कीले संयुक्त रुपमा पूजा अधिकारी कार्कीका ससुराबुवा धर्मराज कार्कीलाई हस्तान्तरण गरेका हुन् । अध्यक्ष शंकर कार्कीले यो अभियानमा क्लबसँग जोडिएर सहयोग गर्नुहुने महानुभावप्रति आभार व्यक्त गरे । सो अवसरमा समाजसेवी नरेन्द्रजंग कार्की, केशव कार्की, विजय कार्की, लाल कार्की अन्जान, मोति बहादुर कार्की र डिल बहादुर कार्कीले लालीगुराँस युवा क्लबले विभिन्न दुखसुख एवम् सामाजिक कार्यहरुमा पुर्याएको योगदानको प्रशंसा गर्दै पूजाको शीघ्र स्वास्थ्यलाभको कामना गरेका थिए भने पूजा अधिकारी कार्कीका ससुराबुवा धर्मराज कार्कीले क्लबप्रति आभार व्यक्त गर्दै क्लबले संचालन गर्न लागेको आकस्मिक कोषमा आफ्नो तर्फबाट केही सहयोग रकम प्रदान गरेका थिए । सोही कोषमा नरेन्द्र जंग कार्की, केशव कार्की र लाल कार्की अन्जानले पनि रकम उपलब्ध गराएका थिए।


## विमा लेख हरायो

**यस गुराँस लाइफ इन्स्योरेन्स कं. लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेखहरु हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**

**नामः कृष्ण पौडेल विमा लेख नं.** Gli0610017851
**नामः विनिता जि.सी. विमा लेख नं.** Gli0610003657
**नामः विशाल जि.सी. विमा लेख नं.** Gli0610003658

**सम्पर्क :**
**हिमालयन लाइफ इन्स्योरेन्स लि.**
**पोखरा, फोन: ०६१-५७४४५०**